जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ३३५ • २०८२ असोज ७ गते मंगलवार • 23 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




# नेपालीहरुको महान चाड बडा दशैं पर्व सुरु, देवी दुर्गाको नौं रुपको विशेष पुजा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ६ असोज**



नेपालीहरुको महान चाड बडादशैं आजदेखि सुरु भएको छ। पहिलो दिन घटस्थापना पर्व मनाइएको छ। हरेक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म उल्लास र भक्तिभावका साथ बडादशैं मनाइन्छ । पहिलो दिन वैदिक परम्पराअनुसार घर-घरमा दियो, कलश र गणेश स्थापना गरी घटस्थापना गरिन्छ ।

पूजाघर वा दशैं घरलाई गाईको गोबरले लिपपोत गरेर पवित्र बनाइन्छ। त्यहाँ पवित्र नदी वा चोखो स्थानबाट ल्याइएको बालुवा वा माटोमा जौ छरेर जमरा राखिन्छ । दुर्गा देवीलाई प्रिय मानिने जौको जमरा विजया दशमीका दिन देवीलाई अर्पण गरी टीकासँगै प्रसादको रूपमा ग्रहण गरिन्छ, जसलाई समृद्धिको प्रतीक मानिन्छ । घडामा दुर्गा देवीको आराधना गरिने भएकाले यस दिनलाई घटस्थापना भनिन्छ । स्थापना गरिएको कलशको जललाई पवित्र मान्दै विजया दशमीमा अभिषेक गरी प्रसाद ग्रहण गर्ने परम्परा छ। कसैकसैले जौसँगै गहुँ वा मकै पनि रोप्ने प्रचलन देखिन्छ, तर शास्त्रअनुसार जमरा राख्दा जौ मात्र प्रयोग गर्नुपर्ने धर्मशास्त्रविद्हरू स्पष्ट पार्छन् । घटस्थापनादेखि दशमीसम्मको नौ दिनलाई नवरात्र भनिन्छ। यस अवधिमा देवी दुर्गाका नौ रुपको विशेष पूजा हुन्छ – पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैठौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्री ।

सातौं दिन फूलपाती भित्र्याउने परम्परा छ भने महाअष्टमी र महानवमीका दिन बलिपूजा गर्ने चलन छ। नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्रहरूको पाठ गरिन्छ । यस अवसरमा नक्साल भगवती, शोभा भगवती, नाला भगवती, पलाञ्चोक भगवती, भद्रकाली, मैतीदेवीलगायत देशभरका शक्तिपीठहरूमा दर्शनार्थीहरूको भीड लाग्छ। दशैंलाई असत्यमाथि सत्यको र दुष्ट शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाइन्छ । धर्मशास्त्रका ज्ञाताहरूका अनुसार दुर्गा पूजा वा दशैं कुनै विशेष जाति वा धर्ममा सीमित नभई सम्पूर्ण मानव समुदायको कल्याण र शुभकामनाको प्रतीक हो । यस वर्षको टीका असोज १६ गते पर्न गएको छ।

# मटिहानीमा बडा दशैंको अवसरमा शान्ति कलश शोभा यात्रा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ६ असोज**



महोत्तरीको मटिहानीमा बडा दशैंको अवसरमा विश्व शान्ति, मानव कल्याण र धार्मिक सद्भावना प्रवर्द्धन गर्ने उद्देश्यले शान्ति कलश शोभा यात्रा निकालिएको छ । मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडल तथा महोत्तरी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी संजय कुमार पोखरेलले कलश यात्राको संयुक्त रूपमा शुभारंभ गरेका थिए ।

सो अवसरमा नगर प्रमुख मंडलले धार्मिक तथा सांस्कृतिक पर्वहरूले समाजमा आपसी एकता, मेलमिलाप र सहिष्णुताको भावना जागृत गर्ने भएकाले यस किसिमका कार्यक्रमलाई नगरपालिकाले सधैं समर्थन गर्ने बताए। मटिहानीस्थित ऐतिहासिक दुर्गा मन्दिर प्राङ्गणबाट शुभारम्भ भएको शोभा यात्रा नगरको मुख्य मार्ग हुँदै मधवापुरलगायत आसपासका क्षेत्रको परिक्रमा गर्दै पुनः मन्दिर प्राङ्गणमै सम्पन्न भएको थियो । सो क्रममा भक्तजनहरूले दुर्गा भवानीको जयघोष गर्दै वातावरणलाई पूर्णतया धार्मिक र आध्यात्मिक रंगमा रंगाएका थिए।

आदर्श दुर्गा पूजा समिति, मटिहानीको विशेष पहलमा आयोजना गरिएको सो शोभा यात्रामा दुर्गा भवानीको नौ(९) वटा शक्तिपीठीय प्रतीकात्मक झाँकी, आकर्षक सजावट, बाजागाजा तथा विभिन्न धार्मिक समूहका प्रस्तुति प्रमुख आकर्षण बनेका थिए । शोभा यात्रामा महिलादेखि पुरुष, बालबालिकादेखि वृद्धवृद्धासम्म हजारौंको संख्यामा भक्तजनहरू सहभागी भएका थिए ।

शोभा यात्रामा स्थानीय समाजसेवी, धार्मिक अगुवाहरू, जनप्रतिनिधि, सुरक्षाकर्मी र विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । यसरी सम्पन्न शान्ति कलश शोभा यात्राले मटिहानी नगर र आसपासका क्षेत्रमा उत्साह, उल्लास र धार्मिक आस्थाको नयाँ ऊर्जा भरेको सहभागीहरूले बताएका छन् ।




## रेविजः तथ्य बुझौं, त्रसित नहोऔं ।

रेविजः कुकुर तथा जंगली जनावरको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो।

**यसबाट बच्न :**

- घरपालुवा जनावरलाई नियमित रुपमा रेविज विरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं,
- जनावरले टोकेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाह बमोजिम रेविज विरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरित जनावरसँग टाढा बसौं,

**रेविजको उपचार हुँदैन, सतर्कता अपनाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**






# वडा दशैंको हार्दिक शुभकामना

दसैं नेपालीले मनाउने एक मौलिक र महान् पर्व रहेको छ। असोज शुक्ल प्रतिपदाका दिनदेखि पूर्णिमासम्म १५ दिन (दुर्गा पक्ष) मनाइने गरिन्छ। दसैंभरि बिहानै स्नान गरी शुद्ध भई दुर्गा सप्तशती चण्डी पाठ तथा पूजा गर्ने चलन रहेको छ। जब असोज शुक्ल प्रतिपदा अर्थात् दसैंको पहिलो दिन सुरु हुन्छ साइत पारेर सौगातको बीजले घडा सजाइने गरिन्छ। पवित्र स्थानमा घटस्थापना गरेर विभिन्न अन्न जौ तिलसँगै गहुँ धान मकैका जमरा राखिने गरिन्छ। घटस्थापनामा राखिएका जमरामा नित्य पानी छम्कने र जमरा दिनानुदिन बढेको हेर्दा घरका हुर्कंदै गरेका बच्चाहरूका लागि एउटा राम्रो प्रायोगिक सांस्कृतिक सिकाइ हुन्छ। दसैंको अन्तिम दिन कोजाग्रत पूर्णिमाको दिन जमरालाई खोलानाला पँधेरा वा पानीको स्रोत भएको स्थानमा लगेर सेलाइन्छ।

दसैं उत्साह र उमङ्गको पर्व भएकाले दसैंमा गरिने भेटघाट, मेलमिलाप, सामूहिक मनोरञ्जनबाट मनमा आनन्द र पुनर्ताजगी प्राप्त हुन्छ। मानव जीवनचक्रमा अनेकौं सुख दुःख आउने जाने भइरहन्छ। हरेक पलहरू आनन्दमयी नहुन पनि सक्छन्। चाडपर्वको समयमा अवस्था प्रतिकूल नै भए पनि संयमता र धीरता अपनाएर परिवारसँगै रहेर भावनाहरू साटासाट गर्न सकिन्छ। आ-आफ्ना संस्कार अनुसार सदाचारमा रहेर संयमित तवरले चाडपर्व मनाउँदा हाम्रो अनुपम धार्मिक सहिष्णुता सर्वत्र झल्किने गरिन्छ। साथै अन्तमा हिन्दुहरुको महान पर्व शुभ विजयादशीको शुख अवसरमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति र समृद्धिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

# सोनामाई मन्दिरमा पहिलो पटक ऐतिहासिक कलश शोभा यात्रा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ६ असोज**

महोत्तरीको औरही नगरपालिका-७ स्थित प्रसिद्ध धार्मिक स्थल सोनामाई मन्दिरमा यस वर्ष दशैंको घटस्थापनाको अवसरमा पहिलो पटक ऐतिहासिक कलश शोभा यात्रा निकालिएका छन। विश्व शान्ति, मानव कल्याण र धार्मिक सद्भाव प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको उक्त यात्राको उद्घाटन औरही नगरपालिकाका नगरप्रमुख प्रदीप कुमार खड्का, नगरउपप्रमुख रेणु झा र वडा अध्यक्षहरूले संयुक्त रूपमा गरेका थिए। सोनामाई शक्तिपीठमा वर्षौंदेखि भूत मेला लाग्ने परम्परा छ। यस वर्ष पहिलो पटक करिब ४ हजार कलशसहितको ऐतिहासिक शोभा यात्रा निस्किएको हो।औरही नगरपालिका तथा स्थानीयवासीको



संयुक्त प्रयासमा दशैंको घटस्थापनाको दिन यो विशेष कलश शोभा यात्रा आयोजना गरिएको हो।

यो पवित्र यात्रा औरही नगरपालिका-२ स्थित फूलबरिया गाउँको जंघाहा खोलामा वेतो, पचाइन र जङ्गा खोलाको संगमस्थलबाट प्रारम्भ भई सोनामाई मन्दिरसम्म पुगेको थियो। नगरप्रमुख खड्काले यस शोभा यात्राले नगरवासीबीचको एकता, सांस्कृतिक धरोहर र धार्मिक मूल्यलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरे। उनका अनुसार सोनामाई मन्दिर नगरको आस्था, विश्वास र सांस्कृतिक सम्पदाको केन्द्र हो र कलश शोभा यात्राले नगरको धार्मिक एवं सांस्कृतिक इतिहासमा नयाँ अध्याय थप्नेछ।

कलश शोभा यात्रामा महिलादेखि पुरुष, बालबालिकादेखि वृद्धवृद्धासम्म हजारौं भक्तजन सहभागी भएका थिए।स्थानीय समाजसेवी, धार्मिक अगुवा, जनप्रतिनिधि, सुरक्षाकर्मी, नगरप्रहरी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूका अनुसार यसरी सम्पन्न कलश शोभा यात्राले औरही नगर र आसपासका क्षेत्रमा उत्साह, उल्लास र धार्मिक आस्थाको नयाँ ऊर्जा भरिदिएको छ। महोत्तरीको औरही नगरपालिका वडा नं. ७, भोइलमा अवस्थित सोनासती महरानीको मन्दिर 'सोनामाई मन्दिर' को नामले प्रचलित छ।







# राष्ट्रिय परिचयपत्र वितरण सेवा सुरु



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ६ असोज**

जेनजी पुस्ताको प्रदर्शनका क्रममा तोडफोड भएपछि ठप्प भएको इलाका प्रशासन कार्यालय लहानको सेवा क्रमशः सञ्चालन हुँदै गएको छ। कार्यालयले आइतबारदेखि राष्ट्रिय परिचयपत्र वितरण सेवा पुनः सुरु गरेको छ। कार्यालयका प्रमुख वेदनिधि खनालका अनुसार प्रदर्शनकारीहरूले लुटेर लगेको क्यामेरा फिर्ता भएकाले राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा पुनः सञ्चालनमा ल्याइएको हो। तर, राहदानी सेवा भने अझै सुरु हुन सकेको छैन।

प्रदर्शनका क्रममा राहदानी सेवाको 'स्क्यानर मेसिन' र क्यामेरा फुटाइएकाले वैकल्पिक व्यवस्था नहुँदासम्म राहदानी सेवा बन्द नै रहने कार्यालयले जनाएको छ। 'केही दिनमा नै काठमाडौंबाट नयाँ उपकरण आउनेछ, त्यसपछि राहदानी सेवा पनि सुरु गर्नेछौं,' प्रमुख खनालले बताए। यसअघि कार्यालयले असोज १ गतेदेखि नागरिकता वितरण सेवा पुनः सुरु गरिसकेको थियो। सेवा सञ्चालन गर्न कार्यालय मर्मत-सम्भारको काम समेत क्रमशः अगाडि बढाइरहेको छ।

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक खर्चको संभावना
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: खानपानमा समस्या आउने
कन्या: मनमा पछुतो आउने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: आम्दानी हुने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: शुभ कार्यको शुरुवात
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# प्यालेस्टाइनलाई स्वतन्त्र र सार्वभौम राज्यको मान्यता दिने तयारी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ असोज**



संयुक्त राष्ट्रसङ्घको वार्षिक महासभा शुरू हुनुअघि फ्रान्स, बेलायत, क्यानडा, अष्ट्रेलिया र पोर्चुगल जस्ता प्रमुख राष्ट्रले प्यालेस्टाइनलाई एक स्वतन्त्र र सार्वभौम राज्यको रूपमा मान्यता दिने तयारी गरेका छन्।

पछिल्लो समय केही पश्चिमी मुलुकहरूद्वारा व्यक्त भएको यो समर्थनले इजरायल सरकारलाई चिन्तित बनाएको देखिएको छ। गाजामा जारी सशस्त्र द्वन्द्वका कारण गम्भीर मानवीय सङ्कट उत्पन्न भएको छ। दशौँ हजार नागरिकको ज्यान गइसकेको छ भने लाखौं विस्थापित भएका छन्। यिनै घटनाक्रमको पृष्ठभूमिमा अन्तर्राष्ट्रिय समुदायले दुई-राज्यीय समाधान (इजरायल र प्यालेस्टाइनको सहअस्तित्व) प्रति पुनः चासो देखाउन थालेको हो। फ्रान्सका राष्ट्रपति इम्यानुएल माक्रोंले साउदी युवराज मोहम्मद बिन सलमानसँगको भेटवार्ताअघि प्यालेस्टाइनलाई मान्यता दिने सङ्केत दिएका छन्।

उनले भने,"प्यालेस्टाइनी जनताले आफ्नो देश र पहिचानको चाहना राख्छन्।" साथै, उनले हमासद्वारा कब्जा गरिएका बन्धकहरूको रिहाइलाई प्यालेस्टाइनी दूतावास खोल्ने पूर्वसर्तका रूपमा अघि सारेका छन्। यसैबीच, इजरायली परराष्ट्र मन्त्रालयले भने यस्ता मान्यताले शान्ति प्रक्रियालाई सहयोग नगरी क्षेत्रीय अस्थिरता बढाउने उल्लेख गरेको छ। संयुक्त राष्ट्रसङ्घको महासभामा यस वर्ष एक सय ४० भन्दा बढी राष्ट्र प्रमुखको सहभागिता रहनेछ। महासभाको प्रमुख विषयवस्तुमा गाजाको युद्ध, प्यालेस्टाइनी राज्यको हैसियत र दुई राज्यीय समाधानका सम्भावना रहने अनुमान गरिएको छ।

# मैथिली कला क्षेत्रमा चम्किँदै इशिका

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ असोज**



मैथिली कला क्षेत्रको इतिहास निकै लामो भए पनि उचित प्रचार-प्रसारको कमी, सरकारी पक्षको उदासीनता लगायतका कारण यसले अपेक्षित फट्को मार्न सकेको छैन। यद्यपि, नेपाल र भारत दुवै देशमा मैथिली कला क्षेत्र आ-आफ्नै तरिकाले अघि बढिरहेको देखिन्छ।

कुनै समय भारततर्फ मैथिली कलामा उल्लेखनीय लगानी भए पनि पछिल्लो चरणमा त्यो क्रम क्रमशः घट्दै गएको छ। यसको विपरीत मैथिली कला क्षेत्रमा नेपालका कलाकर्मीहरूले ठुलो लगानी गर्दै आएका छन्। युट्युबमार्फत मैथिली कला क्षेत्रमा नयाँ ऊर्जाको सञ्चार भएको छ। कम खर्चमा गीत-सङ्गीतदेखि लिएर फिल्मसम्म तयार गरी सोही माध्यमबाट विश्वभर प्रसारण गर्ने प्लेटफर्मका रूपमा युट्युब लोकप्रिय भएसँगै कलाकार र लगानीकर्ताले मनग्य आम्दानी गर्न थालेका छन्।

विशेष गरी सुनसरी, सप्तरी, मोरङ, सिरहा, धनुषा, महोत्तरी लगायत मिथिला क्षेत्रका जिल्लाबाट र्‍याप गीतदेखि लिएर परम्परागत गीतसम्म युट्युबमार्फत सार्वजनिक गरी कलाकारहरूले नाम र दाम कमाइरहेका छन्। मिथिला क्षेत्रमा कुनै समय एक जातीय वर्गले मात्र कला क्षेत्रमा पकड बनाएको देखिन्थ्यो। पछिल्ला वर्षहरूमा सबै वर्गले यस क्षेत्रमा सक्रियता देखाउँदै आफ्नो स्थान बनाउन सफल भएका छन्।

जनकपुरधामले मिथिला कला क्षेत्रमा धेरै प्रतिभालाई स्टार बनाउँदै आएको छ। यही क्रममा जनकपुरधामले जन्माएको अर्को चर्चित नाम हो इशिका भुजेल। इशिका भुजेलले मैथिली कला क्षेत्रमा अभिनय र गायन दुवैमा आफ्नो दमदार उपस्थिति देखाएकी छन्।

# विदेशी विनिमय दर: डलर स्थिर, युरोको भाउ घट्यो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ असोज**




नेपाल राष्ट्र बैंकले आज (सोमबार) को लागि विदेशी मुद्राको विनिमय दर सार्वजनिक गरेको छ। यसअनुसार, अमेरिकी डलरको भाउ स्थिर रहे पनि युरोको भाउमा भने सामान्य गिरावट आएको छ।

आज अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ ६५ पैसा र बिक्रीदर १४१ रुपैयाँ २५ पैसा तोकिएको छ। यो दर हिजो (आइतबार) को जस्तै रहेको छ। यता, युरोपियन युरोको भाउ भने केही घटेको छ। आज युरो एकको खरिददर १६५ रुपैयाँ २० पैसा र बिक्रीदर १६५ रुपैयाँ ९१ पैसा रहेको छ। हिजो युरोको खरिददर १६५ रुपैयाँ ३४ पैसा र बिक्रीदर १६६ रुपैयाँ ०५ पैसा थियो। साथै युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८९ रुपैयाँ ४६ पैसा र बिक्रीदर १९० रुपैयाँ २६ पैसा , स्वीस फ्रयाङ्क एकको खरिददर १७६ रुपैयाँ ८० पैसा र बिक्रीदर १७७ रुपैयाँ ५५ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९२ रुपैयाँ ७४ पैसा र बिक्रीदर ९३ रुपैयाँ १४ पैसा , क्यानेडियन डलर एकको खरिददर १०२ रुपैयाँ ०६ पैसा र बिक्रीदर १०२ रुपैयाँ ५० पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ ४७ पैसा र बिक्रीदर १०९ रुपैयाँ ९४ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ५१ पैसा र बिक्रीदर नौ रुपैयाँ ५५ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ७७ पैसा र बिक्रीदर १९ रुपैयाँ ८५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ५० पैसा र बिक्रीदर ३७ रुपैयाँ ६६ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ५९ पैसा र बिक्रीदर ३८ रुपैयाँ ७५ पैसा कायम भएको छ।

# पाकिस्तानविरुद्ध तीन फर्म्याटमा खेल्ने दक्षिण अफ्रिकी टोलीका तीन फरक कप्तान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ असोज**



पाकिस्तानविरुद्ध आगामी अक्टोबर दोस्रो सातादेखि सुरु हुने दुई टेस्ट, तीन एकदिवसीय र तीन टी-२० खेलको शृंखलाका लागि दक्षिण अफ्रिकाका तीन फरक खेलाडीले कप्तानी गर्ने भएका छन्।

दक्षिण अफ्रिकाका नियमित कप्तान टेम्बा बाभुमा पिंडुलाको चोटका कारण टेस्ट शृंखला गुमाउने भएका छन्। उनलाई निको हुन ६ देखि ८ हप्ता लाग्नेछ। उनको अनुपस्थितिमा एडेन मार्करमले टेस्टमा कप्तानी गर्नेछन्। यसैबीच एइडेन मार्क्रमले ओडिआई र टी-२०आई शृंखला नखेल्ने निर्णय गरेकाले ओडिआई टोलीको कप्तानी म्याथ्यु ब्रिजके तथा टी-२०आई टोलीको कप्तानी डेभिड मिलरले गर्ने छन्। डेभिड मिलरले सन् २०२४ को टी-२० विश्वकपपछि दक्षिण अफ्रिकाका लागि खेलेका छैनन्।

यता विकेटकिपर ब्याटर क्विन्टन डिककले एकदिवसीय क्रिकेटबाट लिएको सन्यास फिर्ता लिँदै दक्षिण अफ्रिकाको टोलीमा पुनरागमन गरेका छन्। पाकिस्तानविरुद्ध टेस्टका लागि दक्षिण अफ्रिकाको टोली- एडेन् मार्करम (कप्तान), डेभिड बेडिङहाम, कोर्बिन बोस, डेवाल्ड ब्रेभिस, टोनी डे जोरजी, जुबाएर हम्जा, साइमन हार्मर, मार्को जान्सेन, केशव महाराज (दोस्रो टेस्ट मात्र), वियान मुल्डर, सेनुरन मुथुसामी, कागिसो रबाडा, रायन रिकेल्टन, ट्रिस्टन स्टब्स, प्रेनेलन सुब्रायन, काइल भेरेन।













# चुनौतीको चाङमा चुनावी सरकार

-नेपालको संविधान घोषणाको एक दशक पूरा भएको छ । अनेक चोटपटक खेप्दै दस वर्ष बिताएको संविधान फेरि एकचोटि 'घायल' छ । विज्ञहरू भन्छन्, 'संविधान कोमामा छ तर मृत भइसकेको छैन ।' अन्तरिम सरकार र राजनीतिक दलहरूले असोज ३ मा संविधान दिवसको औपचारिक उत्सव मनाएर कम्तीमा यो जीवितै भएको आभास दिलाएका छन् । विगत वर्षमा जस्तो दीपावली गरेर भव्य हिसाबले नमनाइए पनि सैनिक मञ्च टुँडिखेल, राष्ट्रपति भवन शीतल निवास, दलहरूका कार्यालयमा भएका कार्यक्रम अनि नेताहरूका विज्ञप्तिले संविधानको धुकधुकी बाँकी रहेको अनुभूति दियो । संविधानवेत्ताहरू भन्ने गर्छन्, 'संविधानले आफैं काम गर्दैन, त्यसलाई काम गराउनुपर्छ ।'

सम्भवतः राष्ट्रपति रामचन्द्र पौडेलले अहिलेको विषम परिवेशमा विज्ञहरूले सुझाएको यही मर्म मनन गरेर संविधान 'मर्न' दिएनन् । गत भदौ २३ मा जेनेरेसन जेड (जेन-जी) ले सुरु गरेको सडक प्रदर्शनमा सरकारले गरेको नृशंस हत्या र भदौ २४ मा भएको विध्वंसपछि उत्पन्न राष्ट्रिय संकटका बेला राष्ट्रपति पौडेल चर्को दबाबमा थिए । देश इतिहासकै कठिन मोडमा थियो । अन्योल, आतंक, असुरक्षा अनि निराशा चुलीमा पुगेर आम आत्मविश्वास खण्डित भएको थियो । यही बेला नियोजित अस्थिरता सिर्जना गरेर त्यसको आडमा आग्रहको रोटी सेक्न उद्यत दृश्य/अदृश्य, घरेलु/बाह्य शक्ति स्वार्थहरू उद्यत थिए ।

सेनाले राजनीतिक संवादको अग्रसरता लिँदै निकासको सहजीकरण गर्दै थियो । अन्योल र आशंकाका बादलहरू मडारिँदै थिए । त्यो परिस्थितिमा राष्ट्रपतिको देखिने भूमिका 'कालो बादलमा चाँदी घेरा' बन्यो । उनले ६ महिनामा निर्वाचन गर्ने म्यान्डेटसहित पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरे । सँगै नवनियुक्त प्रधानमन्त्री कार्कीको सिफारिसमा संसद् विघटन पनि गरे । संविधानले फेरि चोट खेप्यो । तर, मुलुक जुन चरम संकटको अवस्थामा थियो/छ, भएमध्येको उचित विकल्प भनेर सबैले चित्त बुझाएका छन् । संसद् विघटनप्रति दलहरूले प्रश्न उठाएर आफ्नो 'पोजिसन' राखेका छन्, यद्यपि निर्वाचनबाट पुनः संविधानलाई लिकमा फर्काउनुपर्ने कुरामा सबै एकमत देखिएका छन् । के त्यसो भए अब तोकिएकै समयमा निर्वाचन हुन्छ ? अनि, संविधान र मुलुकको राजनीति पुनः लिकमै सजिलै फर्किन्छ त ? यति बेला यो आम चासोको प्रश्न हो । यो प्रश्न जति सरल सुनिन्छ, समयक्रमसँगै यसको कार्यान्वयन उत्तिकै जटिल हुँदै जानेछ ।

यो विश्लेषण यही प्रश्न वरिपरि रहनेछ । पहिले सकारात्मक पाटो हेरौं । अन्तरिम सरकारकी प्रधानमन्त्री कार्कीसामु चुनावलाई लिएर अनुकूलता नै अनुकूलता देखिन्छन्, यति बेला । पहिलो कुरा त, अन्तरिम सरकारका लागि उनी सर्वस्वीकार्य पात्र बन्न पुगिन् । उनको निष्कलंक चरित्र अनि हक्की स्वभावका कारण 'केही भइहाल्छ कि' भनेर मान्छेहरूमा आशा पलाएको छ । एकाध मान्छेले छिटपुट असन्तुष्टि




प्रकट गरे पनि यो संकटपूर्ण घडीमा उनको नेतृत्वलाई लिएर नागरिक वृत्तमा आशा जागेको छ । उनले प्रशस्त 'शंकाको सुविधा' पाएकी छन् । सरकारको नेतृत्व लिएपछि उनले आफ्नो मुख्य कार्यसूचीमा निर्वाचन राखेकी छन् । उनले भनेकी छन्, '६ महिनामा चुनाव सम्पन्न गराएर सत्ता हस्तान्तरण गर्न यो सरकार कटिबद्ध छ ।' छिमेकी मुलुक तथा विश्वका अरू मैत्री राष्ट्रहरूले पनि कार्कीको नेतृत्वलाई सकारात्मक रूपमा लिएका छन् । भारतले त अधिक चासो राख्दै सहयोग र सहकार्य गर्ने बताएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले फोन वार्ता गरेर कार्कीलाई ढाडस दिएका छन् । प्रमुख दलहरूले संसद् विघटनको विरोध गरे पनि निर्वाचनमा भाग नलिने भनेका छैनन् । बरु, समयमै निर्वाचन हुनुपर्ने र 'फेस' गर्ने बताइरहेका छन् । निर्वाचन आयोग तयारीमा जुटिसकेको छ । तर, के यी अनुकूलता निर्धारित समयमै निर्वाचन सम्पन्न हुने पर्याप्त आधारहरू हुन् ? सरकारसामु जति अनुकूलता छन्, त्यत्तिकै प्रतिकूलताहरू पनि छन् । खासमा कार्की नेतृत्वको अन्तरिम सरकारले आफ्ना चुनौतीहरू चिन्न र चिर्न सकेन भने समयमै निर्वाचन सम्पन्न गर्ने कुरा उसका लागि 'फलामको च्युरा' सावित हुन सक्छ । के-के हुन सक्छन्, ती चुनौतीहरू ?

पहिलो, शान्तिसुरक्षा र कानुनी शासनको प्रत्याभूति । सरकारले आम मतदातालाई निर्धक्क मतदान गर्न सक्ने वातावरण बनाउन सक्ला ? यति बेला सुरक्षा प्रशासनको मनोबल खस्केर पिँधमा पुगेको छ । जेन-जी विद्रोह र त्यसपछिको विध्वंसका क्रममा प्रहरी, सशस्त्र बलगायतको सुरक्षा प्रशासनको भौतिक संरचना मात्रै नाश गरिएन, मनोबल पनि कमजोर भएको छ । नेपाली सेनाको सुरक्षा घेराभित्र रहेको मुलुकको प्रशासनिक केन्द्र जलेर खरानी भयो । न्यायालय, राष्ट्रपति भवनदेखि देशैभरि हिंसा र आगजनीका जे-जति घटना भए, त्यसले आमनागरिकलाई भयभीत बनाएको छ । त्यो भयग्रस्त मनोविज्ञानबाट नागरिक पंक्ति बाहिर निस्कन सकेको छैन । केही अड्चन आइपरे उजुरी गर्न जाने गृह प्रशासन र कानुनी उपचार खोज्न जाने न्यायिक निकायहरू नै आहत छन् । प्रहरीहरू उच्च मनोबलसहित ड्युटीमा खटिन सकेका छैनन् । सुरक्षा प्रशासनको मनोबल, कानुनी शासनको प्रत्याभूति अनि आम मतदातालाई भयरहित हिसाबले मतदान केन्द्रसम्म पुऱ्याउने गरी विश्वासको वातावरण बनाउने कुरा यो सरकारको एउटा मुख्य चुनौती हुनेछ ।

साभार : कान्तिपुर ।


















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday